कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(कृषि विकास शाखा)
च.नं.:

## सिंचाई पुर्वाधार निर्माण सहयोग कार्यक्रममा प्रस्ताव माग सम्बन्धी सूचना
### प्रथम पटक सुचना प्रकाशित मिति : २०८१/०७/३०

कोहलपुर नगरपालिका, नगर कार्यपालिको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८१/८२ मा संघिय सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार **सिंचाई पुर्वाधार निर्माण सहयोग कार्यक्रममा** सहभागी हुन इच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र मिति २०८१/०८/२० गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट वा कार्यालय खुल्ने दिन) कोहलपुर नगरपालिका, कृषि विकास शाखामा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीका लागि कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा ९८५८०५५६९० मा सम्पर्क गर्न सकिन्छ ।

तपसिलः-

| क.सं. | कार्यक्रम | अनुदानको प्रतिशत | सञ्चालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|---|
| १ | सिंचाई पुर्वाधार निर्माण सहयोग कार्यक्रम | ➢ समुहिक पुर्वाधार निर्माणमा ८५ प्रतिशत<br>➢ व्यक्तिगत पुर्वाधार निर्माणमा ५० प्रतिशत | ➢ साना सिंचाई पुर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार<br>➢ सिंचाई पोखरी, ईनार, कुँवा, सिंचाई पाईप, मोटर<br>➢ नविनतम सिंचाई प्रविधि ( थोपा सिंचाई, स्पिङ्गकलर सिंचाई, सौर्य उर्जामा आधारित लिफ्ट सिंचाई आदी)<br>➢ स्यालो ट्युबवेल बोरिङ्ग लगायतका भुमिगत पुर्वाधारहरु निर्माण |

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. प्रस्तावकको निवेदन । (अनुसुची २ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कार्यक्रम सन्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
५. संम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. समुह/सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. प्रस्ताव पेश गर्नेको नागरिकता र जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।
८. निर्माण गरिने पुर्वाधारको हकमा लागत अनुमान ।
९. पुर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र) ।

..................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -२

(परिच्छेद-२ को दफा ७ (२) सँग सम्बन्धित)

अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः

विषयः अनुदान उपलब्ध गराइदिनुहुन।

श्रीमान् ............................,
................कार्यालय,
................ स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

तपसिलः

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/ प्रदेशः
वडा नं
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवेदक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप